# मनमोहन प्राविधिक विश्वविद्यालय
## सेवा आयोग

**मनमोहन प्रीविधिक विश्वविद्यालयको प्रशासन सेवा अन्तर्गतका पाँचौ तहका पदहरूको खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाको विज्ञापन**

सूचना नं. ००५/२०७९/०८०  प्रकाशन मितिः २०८०/०२/०१

मनमोहन प्राविधिक विश्वविद्यालय अन्तर्गतका निम्न सेवा, समूह र तहका पदहरूमा खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहायबमोजिम योग्यता पुगेका उम्मेद्वारहरूबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेद्वारले आयोगको कार्यालयबाट दरखास्त फाराम लिई (वा आयोगको वेबसाइट www.mtuservicecommission.edu.np बाट डाउनलोड गरी) दरखास्त फारामका सबै महलमा स्पष्ट विवरण खुलाइ आयोगको कार्यालय दुहबी-४, सुनसरीमा बुझाउनुपर्नेछ ।

(क) प्रशासन सेवा पाँचौं तह खुला तथा समावेशी

| सि.नं. | विज्ञापन नं. | किसिम | सेवा | समूह | पद | माग पदसंख्या |
|---|---|---|---|---|---|---|
| १. | १३/२०७९/०८० | खुला | प्रशासन | सामान्य प्रशासन | प्रशासकीय/मुख्य कार्यालय सहायक | २ (दुई) |
| २. | १४/२०७९/०८० | महिला | प्रशासन | सामान्य प्रशासन | प्रशासकीय/मुख्य कार्यालय सहायक | १ (एक) |
| ३. | १५/२०७९/०८० | आदिवासी/ जनजाति | प्रशासन | सामान्य प्रशासन | प्रशासकीय/मुख्य कार्यालय सहायक | १ (एक) |
| ४. | १६/२०७९/०८० | खुला | प्रशासन | लेखा | मुख्य लेखा सहायक | १ (एक) |
| ५. | १७/२०७९/०८० | खुला | प्रशासन | पुस्तकालय | पुस्तकालय सहायक | १ (एक) |
| | | | | | **जम्मा** | **६ (छ)** |

(ख) प्रशासन सेवा पाँचौ तह आन्तरिक

| सि.नं. | विज्ञापन नं. | सेवा | समूह | पद | माग पदसंख्या |
|---|---|---|---|---|---|
| १. | १८/२०७९/०८० | प्रशासन | सामान्य प्रशासन | प्रशासकीय/मुख्य कार्यालय सहायक | २ (दुई) |
| २. | १९/२०७९/०८० | प्रशासन | लेखा | मुख्य लेखा सहायक | १ (एक) |
| | | | | **जम्मा** | **३ (तीन)** |

१. **परीक्षाको किसिमः** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता ।

२. **परीक्षा मिति र परीक्षा केन्द्रः** पछि प्रकाशन गरिनेछ ।

३. **दरखास्त दिने अन्तिम मितिः**

(क) खुला प्रतियोगिताको हकमा मिति २०८०/०३/०३ सम्म र दोब्बर दस्तुर तिरी २०८०/०३/१० सम्म ।

(ख) आन्तरिक प्रतियोगिताको हकमा मिति २०८०/०२/२१ सम्म ।

४. **उम्मेद्वारको उमेरको हदः** खुला प्रतियोगिताको हकमा १८ (अठार) वर्ष उमेर पूरा भई ४० (चालीस) वर्ष ननाघेको हुनुपर्नेछ । मनमोहन प्राविधिक विश्वविद्यालयको सेवामा कार्यरत स्थायी शिक्षक तथा कर्मचारीलाई उमेरको हद लाग्ने छैन ।

५. **परीक्षा दस्तुरः**

एउटा समूहको एक किसिमको विज्ञापनको लागि रु. १,०००/- (एक हजार) । एकै सेवा/समूहको पदका समावेशीतर्फ समेत आवेदन दिने उम्मेद्वारले थप प्रत्येक समूहका लागि तोकिएको दस्तुरको आधा थप दस्तुर बुझाउनुपर्नेछ । परीक्षा दस्तुरबापतको रकम राष्ट्रिय बाणिज्य बैंक दुहबी शाखामा रहेको मनमोहन प्राविधिक विश्वविद्यालयको चल्ती खाता नं. २३४०१०००००७२८००१ मा जम्मा गरेको सक्कल भौचर फारामसाथ संलग्न गर्नुपर्नेछ ।

६. **दरखास्त फाराम लिने र दस्तुर बुझाउने विधिः**

दरखास्त फारामसहितको फाइल लिँदा वा बुझाउँदा फाराम दस्तुर नगद रु. २००/- बुझाउनु पर्नेछ ।

७. **दरखास्तसाथ संलग्न गर्नुपर्ने कागजातहरूः**

उम्मेद्वारले एस.ई.ई./एस.एल.सी. देखि माथिल्लो योग्यता सम्मका शैक्षिक योग्यताका प्रमाणपत्र, तालिम, अनुभव, व्यवसाय अनुमति प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात र नेपाली नागरिकताको प्रमाणपत्र लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्रका आफैँले प्रमाणित गरेका प्रतिलिपिहरू दरखास्त फारामसाथ संलग्न राखी बुझाउनुपर्नेछ । दरखास्तमा उल्लेख गरेका विवरणको सम्बन्धमा उम्मेद्वार स्वयम् जवाफदेही हुनुपर्नेछ ।

८. **प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता हुने मितिः** लिखित परीक्षाको नतिजा प्रकाशित गर्दा सूचना गरिनेछ ।

९. **तलब तथा सुबिधाः** विश्वविद्यालयको नियमानुसार हुनेछ ।

१०. **आवश्यक न्यूनतम योग्यताः**

(क) खुला तथा समावेशीको हकमा मनमोहन प्राविधिक विश्वविद्यालय शिक्षक तथा कर्मचारीको सेवाका सर्त र सुबिधासम्बन्धी नियमावली, २०७८ को नियम ९ बमोजिम अयोग्य नभएको र निम्नानुसारको शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछः

- सामान्य प्रशासन समूहको पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।
- लेखा समूहको पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषय (व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासन) मा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।

- पुस्तकालय समूहको पदका लागि मान्यता प्राप्त शिक्षण सस्थाबाट सम्बन्धित विषय (पुस्तकालय) मा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।

(ख) आन्तरिक प्रतियोगिताको हकमा मनमोहन प्राविधिक विश्वविद्यालय शिक्षक तथा कर्मचारीको सेवाका सर्त र सुबिधासम्बन्धी नियमावली, २०७८ को नियम १० बमोजिम अयोग्य नभएको तथा सोही नियमावलीको नियम ७ र मनमोहन स्मृति पोलिटेक्निकका लागि शिक्षक, प्राविधिक र प्रशासनिक कर्मचारी नियुक्ति तथा बढुवासम्बन्धी कार्यविधि, २०७९ को दफा ५ बमोजिमको शैक्षिक योग्यता र सेवा अवधि पूरा गरेको ।

## ११. समावेशी समूहतर्फ दरखास्त दिने उम्मेद्वारहरूको लागि आवश्यक पर्ने थप कागजातहरू:

आदिवासी/जनजातिका हकमा: नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफरिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराएको कागजात ।

**द्रष्टव्य:**

(क) अनुभवको अवधि आवश्यक पर्ने उम्मेद्वारहरूको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनुपर्नेछ ।

(ख) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(ग) सहयोगी लेखक माग गर्ने उम्मेद्वारले आवश्यक कागजातसहित लिखित परीक्षा हुनुभन्दा कम्तीमा ७ दिन अगावै आयोगको कार्यालयमा स्वयंले सम्पर्क राख्नुपर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन ।

(घ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेद्वारले अन्तर्वार्ता दिनुभन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित निकाय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा समावेशीतर्फ दरखास्त दिने उम्मेद्वारको लागि पेश गर्नुपर्ने भनि तोकिएका कागजातहरूको सक्कलै प्रति अनिवार्य रूपमा पेस गरी रुजु गराउनुपर्नेछ ।

(ङ) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरेको प्रमाणपत्र प्राप्त गरिसकेको हुनुपर्नेछ । विदेशी शिक्षण संस्थामा अध्ययन गरेका उम्मेद्वारले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको शैक्षिक उपाधिको समकक्षता मान्यता पाएको व्यक्तिगत पत्र पेश गर्नुपर्नेछ ।

(च) परीक्षामा परीक्षार्थीले अनिवार्य रूपमा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ । अन्यथा उत्तर पुस्तिका रद्द हुनेछ ।

(छ) परीक्षाको पाठ्यक्रम आयोगको वेबसाइट www.mtuservicecommission.edu.np बाट प्राप्त गर्न सकिनेछ ।